सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक ११४ ♦ २०८० साल पुस २९ गते आइतवार ♦ 14 Jan 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# मधेसमा शीतलहर चलेर बाक्लो कुहिरो लाग्न थालेपछि अत्यधिक चिसो : जनजीवन प्रभावित

**खबर दर्पण समाचारदाता**

**पुस २५ गते, बर्दिवास**

विगत केही दिनदेखि तराई मधेसका जिल्लाहरूमा शीतलहर चलेर बाक्लो कुहिरो लाग्न थालेपछि अत्यधिक चिसो बढेको छ ।



यसैबीच मधेसका जल्लाहरूमा आज यस वर्षकै सबैभन्दा बढी चिसो अनुभव गरिएको छ । मधेश प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, सिरहा जिल्लामा अत्यधिक मात्रा बाक्लो कुहिरोसँगै चिसो बढेको छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा आज बिहानको तापक्रम ८.५ डिग्र सेल्सियस मापन भएको छ ।

खास गरेर शीतलहरका कारणले बालबालिका, वृद्ध वृद्धा, अशक्त, अपाङ्ग, गरिब तथा खुल्ला आकाशमा काम गर्ने मजदूर वर्ग बढी मात्रामा प्रभावित बनेका छन् । बढेको चिसोका कारणले दम तथा रुघाखोकीको मात्रामा वृद्धि हुनुका साथै गेठीया तथा दम्माका रोगीहरूमा थप समस्या उत्पन्न भएको छ। आज बिहानदेखि पश्चिम भागबाट चलेको हावा र शितलहरका कारणले यहाँका बृद्धबृद्धा, बालबालिका तथा असक्त व्यक्तिहरू बढी समस्यामा परेका छन् । यहाँका धेरैजसो व्यक्तिहरूमा चिसोका कारण स्वास्थ्य समस्या बढ्न थालेपछि उपचारका लागि स्वास्थ्य संस्था आउनेका संख्यामा समेत वृद्धि भएको प्रादेशिक अस्पताल जनकपुर धामले जनाएको छ।

प्रादेशिक अस्पताल जनकपुर धामका वरिष्ठ बालरोग विशेषज्ञ डा. जामुनप्रसाद सिंहले अत्यधिक चिसो बढेसँगै बालबालिकाहरूमा रुघा खोकी, निमोनिया जस्ता स्वास्थ्य समस्याहरू अत्यधिक मात्रामा देखिन थालेको जानकारी दिए । डा. यादवले चिसो हावासँगै जाडो बढेपछि सुत्केरी, बालबालिका, बृद्ध, असक्त, अपाङ्ग, दमका रोगीहरु पीडित भएका बताए।

चिसो अत्यधिक मात्रामा बढेपछि विद्यालयहरूमा विद्यार्थीहरूको उपस्थिति घट्न थालेकोले विद्यालयहरुमा जाडो विदा दिइएको छ।

*बाँकी पृष्ठ २ मा*

# रातु खोलामा अवैध उत्खनन गर्ने टिपर र स्काइभेटर प्रहरीको नियन्त्रणमा

**खबर दर्पण समाचारदाता**

**पुस २८ गते, बर्दिवास**

महोत्तरीको रातु खोलामा अवैध रुपमा गिट्टी बालुवा उत्खन्न गरि रहेको अवस्थामा एकवटा टिपर र स्काइभेटर प्रहरीले नियन्त्रणमा लिएको छ ।





शुक्रबार साँझ साढे ५ बजेको समयमा बर्दिबास नगरपालिका ७ रातु खोलामा अबैध रुपमा ढुङगा,गिट्टी, उत्खनन गरी लोड गरेर लाँदै गरेको अवस्थामा टिपर र स्काइभेटर नियन्त्रणमा लिएको हो ।

स्टोक प्रमाणित नरहेकोले ना २ क २३८ नम्बरको टिपर र नम्बर नखुलेको १ (एक) वटा स्काईभेटर नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि बर्दिबास नगर पालिकामा पठाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

# घुर ताप्ने क्रममा आगो लागेर एक महिलाको मृत्यु

**खबर दर्पण समाचारदाता**

**पुस २८ गते, सप्तरी**

सप्तरीमा जाडो छल्न घुर ताप्ने क्रममा आगोमा जलेर एक महिलाको मृत्यु भएको छ। तिरहुत गाउँपालिका ५ मुसहरी टोलकी ३५ वर्षीया सोनिलादेवी सदाको जलेर मृत्यु भएको प्रहरीले जनाएको छ ।



शनिबार घर अगाडि बालेको घुर ताप्ने क्रममा कपडामा आगो सल्किएर गम्भीर घाइते भएकी थिइन् । उनको गजेन्द्रनारायण सिंह अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# मधेसमा शीतलहर .......

शीतलहरका कारणले साना साना विद्यार्थीहरू प्रभावित हुन थालेको भन्दै जनकपुरधाम उपमहानगरपालिकाका सम्पूर्ण विद्यालयहरू बन्द गरिएको छ।

जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन कुमार कार्कीले जारी गर्नु भएको सूचनामा पुस २९ गते देखि माघ ९ गतेसम्म नगर क्षेत्रका सम्पूर्ण विद्यालयहरूमा जाडो बिदा दिने निर्णय भएको उल्लेख रहेको छ।

मधेश प्रदेशमा रहेका अतिविपन्न वर्गमा पर्ने डोम, दुसाध, हलखोर, चमार, तत्मा तथा मुसहर समुदायका व्यक्तिहरूसँग पर्याप्त मात्रामा लुगा फाटा तथा ओढ्ने ओछ्याउने कपडा र बस्ने बासस्थानको राम्रो व्यवस्था नहुँदा थप समस्या भएको छ।

चिसोको कारण यस्ता विपन्न दलित वस्ती लगायत न्यून आर्थिक अवस्थाका व्यक्ति बढी प्रभावित हुने गरेका छन्।

शितलहरसँगै चिसो हावाको कारणले जाडो अत्यधिक मात्रामा बढेसँगै प्रमुख बजार र ग्रामीण भेगमा चहलपहलमा घटेको छ। यस क्षेत्रमा लाग्ने बाक्लो कुहिरोका कारणले ग्रामिण क्षेत्रमा यातायातका साधन चलेका छैनन्।

ग्रामिण भेगमा दाउरा नहुँदा स्थानीयहरु गोबरको गुइँठा, परालको जोहो गर्न लागेका छन्। बाक्लो कुहिरोका कारणले तेलहन, दलहन, आलु खेती लगायतमा नकारात्मक असर पर्नुका साथै पशु चौपायाहरु पनि प्रभावित हुन थालेका छन्।

गत आइतबारयता बिहान देखि हुस्सुले ढाक्दै आएको छ। मध्याह्नसम्म घाम देखिँदैन। त्यसपछि झल्याकझुलुक देखिने घाम मधुरो हुने र चिसो सिरेटो लगातार चलेपछि जाडो निकै बढेको हो।

यसरी एक्कासि बदलिएको मौसमले व्यापार व्यवसाय मात्र नभएर कृषिकार्य पनि प्रभावित भएका छन्। लगातारको चिसो सिरेटोले घरपालुवा पशुवस्तुको आहार जुटाउन र स्याहारसम्भार गर्न कठिन भएको धनुषाका पशुपालक किसानहरुको गुनासो छ।

"खै उमेरले ६५ वर्ष टेक्न लागियो, यसरी लगलगी कमाउने जाडो त त्यति भोगेको सम्झनै छैन", धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-२ र मदैयाका किसान रामविलास यादवले भने।

बढ्दो जाडोले यस भेगका गरिब र दलित बस्ती बढी जोखिममा परेका छन्। दैनिक ज्यालादारी गरेर गुजारा गर्नुपर्ने श्रमिक काममा जान नपाएपछि भोकभोकै बस्नुपर्ने अवस्था बनेको क्षीरेश्वरनाथ नगर पालिका-६ सखुवा बजारको दलित बस्तीका ७० वर्षीय चौठी महरा बताउँछन्।

यसैबीच धुनषाका स्वास्थ्य संस्थाहरूले धमाधम सूचना प्रसारण गराएर चिसोमा आफ्नो घरपरिवारको स्याहारसम्भारमा ध्यान दिन आग्रह गरेका छन्। आफ्नै घर वरपर पाइने सागपात र गेडागुडीको झोल खान, अत्यन्त जरुरी काम नपरी बाहिर ननिस्कन, न्यानो ठाउँमा बस्न र घर वरपरको सरसफाइमा ध्यान दिन स्वास्थ्य संस्थाको तर्फबाट सूचना जारी गरिएका छन्।

यसबाहेक फोहर कपडा, मिल्किएका कसिङ्गर, झुत्रा प्लाष्टिक र चिसो भयास सल्काएर आगो नबाल्न आग्रह गरिएको प्रादेशिक अस्पतालका प्रशासन प्रमुख डा. केडी दासले बताए। यस्तो आगो बालिएको ठाउँबाट निस्कने धुँवाले पुराना बिरामीको श्वासप्रश्वासको समस्या झनै बढाउने र नयाँमा थपिने डा दासको भनाइ छ।


जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरू समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो।

**रामगोपालपुर नगरपालिका**

**महोत्तरी**


# युवा क्लव पार्टीको राजनितीवाट दुर रहनु पर्छ : महासेठ



**खबर दर्पण समाचारदाता**

**पुस २८ गते, महेन्द्रनगर**

नेकपा एमालेका सचिव रघुविर महासेठले जनकपुरधामको युवा क्लवहरु राजनितिवाट टाढा र हनुपर्ने बताएका छन्।

श्री महावीर युवा कमिटिको ३३ औं वार्षिकोत्सव समारोहको अवसरमा आयोजित श्री महावीर सप्ताह-२०८० को समापन समारोहलाई सम्बोधन गर्दै पुर्व उपप्रधान र हाल प्रतिनिधि सभा सदस्य समेत रहेका महासेठले युवा क्लवहरु राजनितीलाई क्लवको कार्यालय वाहिर नछोडे कहिल्यै सफल हुन नसक्ने बताए।

यो नेता बोलाउने त्यो नेता नबोलाउने यो हुन भएन, उनले भने, 'समाजिक सुधार, विकास र हितका लागि गठन भएका युवा क्लवहरु राजनिति र नेताको पछाडि लागे क्लव भन्दा पनि पार्टीको भातृसंगठन जस्तै हुने बताए। कार्यक्रममा नेतृ तथा प्रतिनिधीसभा सदस्य जुली महतोले जनकपुरधामको जानकी मन्दिर सहित समग्र विकास आवयश्क रुपमा हुन नसकेको बताइन्।

उनले कस्तो जनकपुर चाहिने ? भन्ने समेत एकिन हुन नसकेको, जावो फोहर व्यवस्थापन हुन नसकेको बताइन्। सो अवसर मा प्रदेश सांसद दिपेन्द्र ठाकुर, जनकपुरधाम मेयरका एमालेवाट प्रत्यासी शिव शंकर साह हिरा सहितकाले सम्वोधन गरेका थिए। सो अवसरमा श्री महावीर युवा कमिटिको ३३ औं वार्षिकोत्सव समारोहको अवसर मा आयोजित श्री महावीर सप्ताह-२०८० को अवसरमा भएको वक्तृत्वकला प्रतियोगितामा प्रथम, दृतिय र तृतिय हुने क्रमश संकटमोचन मावि, ज्ञानकुप स्कुल र मोनाष्टिक स्कुलका छात्रछात्रालाई पुरस्कृत गरिएको छ।

साथै सो अवसरमा सगरमाथा आरोहनका क्रममा वेपत्ता रहेका जनकपुरधामका साइकल यात्री रञ्जित साहको आमालाई सम्मान गरिएको छ भने कमिटिका अध्यक्ष अजय गुप्ताले शहिद पत्रकार उमा सिंहको नाममा पत्रकारिता पुरस्कारको घोषणा समेत गरेका छन्।

# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ।

**वृष-** अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**मिथुन-** समय अनुकूल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कर्कट** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ।

**मीन** -प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

# ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# महोत्तरीको जानकी एकेडेमी हस्पिटलमा पहिलो पटक न्यूरोसर्जरी सेवा सुरु

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**पुस २८ गते, महोत्तरी**

महोत्तरीको जानकी एकेडेमी हस्पिटलमा पहिलो पटक न्यूरोसर्जरी सेवा सुरु सेवा सुरु भएको छ । न्यूरोसर्जरी सम्बन्धी सेवा महोत्तरी जिल्लामा पहिलो पटक यस हस्पिटलमा सुरु भएको छ। रामगोपालपुर नगरपालिका ९ पर्सामा अबस्थित जानकी एकेडेमीक हस्पिटल प्रा.लि ग्रामीण क्षेत्रका लागि निकै लाभदायी बन्दै अहिले न्युरो सम्बन्धी समेत सेवा सुरु गरे अझ संजिवनी बन्दै गएको छ। गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बाट टाढा महोत्तरीका पश्चिमी एवं सर्लाहीका पुर्वी क्षेत्रका ग्रामीण बासिन्दाहरुका लागि जानकी एकेडमीक संजिवनी बुटिको रुपमा स्थापित हुन थालेको हो ।

जिल्लाकै औरही नगरपालिका, सोनमा गाउँपालिका, सम्सी गाउँपालिका र रामगोपालपुर नगरपालिकाको बीचमा रहेको जानकी एकेडेमीक हस्पिटल प्रा.लि. मा पहिलोपटक न्यूरोसर्जन डा.प्रद्युम्न कुमार यादव आएपछि जानकी एकेडेमी हस्पिटल प्रा.लि मा न्यूरो सेवा सुरु भएको हो । यो सेवा सुरु भएपछि दुर्घटना, रुखबाट लड्दा, लगायत विविध कारणले टाउकोमा गहिरो चोट लाग्दा उपचारका लागि महोत्तरीका विरामी अन्यत्र जानुपर्ने बाध्यता हटेको छ । जानकी एकेडेमी हस्पिटल मै न्यूरो सेवा सुरु भएपछि यस क्षेत्रका विरामीलाई सहज हुने भएको छ ।

न्यूरोका विरामीलाई समयमै उपचार दिनुपर्छ । महोत्तरीमा न्युरोसर्जन हस्पिटल र चिकित्सक नहुदा विरामीले समयमै उपचार पाउँन सकेका थिएनन् । डा.प्रद्युम्न कुमार यादव आएको करिब एक साता भयो, यो बिचमा उहाँले दुई वटा अप्रेसन गरिसक्नु भएको एकेडेमीक हस्पिटलका प्रशासन प्रमुख संजय यादवले जानकारी दिए। अब न्यूरो सेवा सुरु भएपछि गोल्डेन आवरमा विरामीले सेवा पाउने छ। न्यूरोसर्जन डा.यादवले महोत्तरीमा न्युरो सेवा सुरु गर्न पाउँद खुशी भएको बताए ।

उनले भने, 'महोत्तरी जिल्लाको यस्तो बिकट ठाउमा हस्पिटल संचालन गरेर अन्य सेवा दिदै आएकोमा हामी थप सेवा न्युरोसर्जन सेवा सुरु गरेका छौ अब यस ग्रामीण क्षेत्रका आम मानिसहरु पनि न्यूरोका विरामीले समयमै उपचार पाउनुपर्छ। जति चाडो उपचार पाए त्यति नै राम्रो हुन्छ ।' सामान्य समस्या लिएर काठमाडौं,जनकपुर,बिराटनगर लगाएत अन्य ठाउँमा जानु नपर्ने भन्दै जानकी एकेडेमी हस्पिटलका अध्यक्ष एवं पुर्व स्वास्थ्य राज्यमन्त्री डा. सुरेन्द्र यादवले भने ।

उनले महोत्तरीका विरामीलाई र यस ग्रामीण क्षेत्रका आसपासका जिल्लाहरुको लागि आफ्नै आँगनमा ढुक्कले न्यूरो सेवा लिन आग्रह गरे । डा.प्रद्युम्न कुमार यादवले पाकिस्तानबाट न्यूरो सर्जरी गरेका छन् ।

यसअघि डा.प्रद्युम्न कुमार यादवले वीर अस्पताल एक्स-ट्रमा सेन्टरमा सेवा दिरहेका थिए ।





## जाडोको समयमा चिसोबाट बचौं


- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**

## बटेश्वर गाउँपालिका, धनुषा




## विदेह नगरपालिका, धनुषा



# स्वः राम लखन चौधरी स्मृति प्रदेश स्तरीय नकआउट फुटबल प्रतियोगिताको उपाधि सुर्यादिप युवा क्लब सर्लाहीको पोल्टामा

**खबर दर्पण समाचारदाता**

**पुस २८ गते, महोत्तरी**



महोत्तरीको गौशालामा स्वर्गीय राम लखन चौधरी स्मृति प्रदेश स्तरीय नकआउट फुटबल प्रतियोगिताको उपाधि सुर्यादिप युवा क्लब (खयरा) सर्लाहीले जितेको छ । आज सम्पन्न फाइनल खेलमा स्वर्गीय रामलखन चौधरी स्मृति कप २०८० को प्रदेश स्तरीय नकआउट फुटबल प्रतियोगितामा गौशाला नगर पालिकाका मोर्निङ्ग स्टार टिमलाई पराजित गर्दै सुर्यादिप युवा क्लब (खयरा) सर्लाहीले उपाधि उपर कब्जा जमाएको हो ।

शनिबार भएको फाईनल खेलमा मोर्निङ्ग स्टार क्लब गौशाला , महोत्तरी र सुर्यादिप युवा क्लव (खयरा) सर्लाही बिच भएको खेलमा निर्धारित समय भित्र कुनै पनि टिमले गोल गर्न सकेको थिएन । गोल नभएपछि भएको पेनाल्टी शुट आउटमा सुर्यादिप युवा क्लब (खयरा) सर्लाही ४-२ गोल अन्तरले विजय भएका छन् ।

प्रतियोगितामा प्रथम पुरस्कार ७० हजार नगदसहित, कप, प्रमाण पत्र, मेडल गौशाला नगर पालिकाका नगरप्रमुख डा. दिपेन्द्र महतो र वडा नम्बर ४ का वडा अध्यक्ष रामनारायण महासेठले वितरण गरिएको थियो भने, दोस्रो हुने टिमलाई दोश्रो प्राईजको प्रायोजक बिल्टु साहद्वारा ३५ हजार नगदसहित कप, प्रमाण पत्र र मेडल प्रदान गरेका थिए र वेस्ट प्लेयर मोर्निङ्ग स्टारका गोल किपर प्रभु साहलाई दिएका थिए भने गोल स्कोरमा सुर्यादिप युवा क्लबका रामकुमार चौधरीलाई दिएका थिए त्यसैगरी पलेयर अफ-द टुनामेन्ट मोर्निङ्ग स्टारका शिवचन्द्र पंजियारलाई दिएको विर्ता स्पोर्टस क्लब गौशालाका सचिव इन्दल कुमार राउतले बताए ।

कार्यक्रममा जिल्ला खेलकुदका प्रतिनिधि, ईलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक मनोज कुमार यादव, शसस्त्रबल रामनगरका प्रमुख,गौशाला न.पा. वडा नं. २ का वडाअध्यक्ष श्यामसुन्दर मंडल, वडा नं. ४ का वडा सदस्य वीर बहादुर महतो, श्याम बछार, जनमतका जीवन त्यागी, विन्देश्वर साह, उमेश कुशवाहा लगायत र ाजनितिककर्मी, जननिर्वाचित सदस्यहरु, पत्रकार, भरभलादमी, समाजसेवी, बुद्धिजीवी सहित हजारौका संख्यामा दर्शकहरुको सहभागीता रहेको थियो ।

# औरही नगरपालिकाले चिसो बढेको भन्दै दाउरा वितरण गर्दै



**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**पुस २८ गते, महोत्तरी**

महोत्तरीको औरही नगर पालिकाले चिसो बढेको भन्दै दाउरा वितरण गरेको छ । शीतलहर बढ्दै गएपछि नगरले दाउरा वितरण गरेको नगरप्रमुख प्रदिप कुमार खड्काले जनाएका छन् । उनले नगरपालिकाको १ देखि ९ सम्मका वडामा दैनिक ज्याला मजदुरी गरी खाने टोल र सार्वजनिक स्थल र नगर भित्र रहेका बिभिन्न चौकहरूलाई मध्यनजर गर्दै आगो बाल्दा टिकाउ हुने धेरै बेरसम्म आगो हुने रुखको जारा वितरण गर को जनाएको छ ।

तराई मधेसमा जोडा याममा शीतलहरको बेला गरिब विपन्नहरूको लागि शीतलहर विपद् जस्तै हुने भएको हुँदा सो को मध्यनजर गरी नगरमा दाउरा वितरण गरिएको नगर प्रमुख खड्काले बताए । उनले नगरको ग्रामीण भेग बाहेक चिसो मौसममा व्यापार व्यवसाय गर्ने व्यवसायीहरूलाई पनि असर परेको र बजारमा आउने यात्रुहरूलाई पनि असर परेको हुँदा बजार क्षेत्रमा पनि दाउरा वितरण गरेको बताए । नगर प्रमुख खड्काले चिसो समयभरि नै यसै गरी नगरले दाउरा वितरण गर्ने बताए ।

यता केहि दिन अगाडी नगर प्रमुख खड्काले औरही नगर पालिकाको वडा नं. १ देखि ९ सम्मका अतिबिपन्नहरु लाई पहिचान गरि न्यानो सिरक वितरण गरेको हो । बढ्दो चिसो तथा शितलहरलाई मध्यनजर गरी विपन्नलाई राहत स्वरुप प्रत्येक वडामा नगरपालिकाबाट कर्मचारी खटाई अतिबिपन्नहरु लाई पहिचान गरि डाटा संकलन गरी एक हजार थान फाईबर को सिरक वितरण गरेको हो । औरही नगरपालिकाको नगर प्रमुख खड्काका अनुसार नगर मा रहेका अतिबिपन्नहरुका लागि १ हजार थान फाईबरको सिरक गरिसकेको जानकारी दिए। नगरप्रमुख खड्काले विपतबाट बच्नको लागि गरिब अतिबिपन्न परिवारलाई सिरक वितरण गर्ने योजना अन्तर्गत अभियान संचालन गरिएको थियो अहिले पनि छुटेका लाई यो अभियान जारि रहेको बताए ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**जनकपुरधाम उपमहानगरपालिका,धनुषा**



**R S सिनेमा हल बर्दिवासमा**

**प्रदर्शन भईरहेको छ**

**क्याप्टन मिलेर**

**शो समय १२-३ , ३-६ र ७-१० बजे**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा